# लोहारपट्टी नगरपालिका

को आर्थिक वर्ष २०७९।०८०

को नीति बजेट तथा कार्यक्रम

**बक्तब्य**

**छैठौं नगर सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु एंव पत्रकारज्यूहरु**

**तथा राष्ट्र सेवक कर्मचारी ,तथा उपस्थित महानुभावहरु**

लोहारपट्टी नगरपालिकाको छैठौ नगरसभा बैठकमा सहभागी हुनु भएका सबै नवनिर्वाचित नगर सभा सदस्य ज्यू लगायत सबैमा हार्दिक स्वागत गर्दछु ।

लोहारपट्टी नगरपालिकाको उप प्रमुखको हैसियतले छैठौ नगरसभा बैठकमा आर्थिक बर्ष २०७९।०८० को आय ब्यय बजेट विवरण प्रस्तुत गर्न पाउदा मलाई गौरवको महसुस भईरहेको छ ।

स्थानिय तहको २०७९ साल बैशाख ३० गतेको निर्वाचनबाट हामीलाई मतदान द्वारा निर्वाचित गर्नु हुने लोहारपट्टी नगरपालिकाको आदरनिय नगरवासि दाजु भाई दिदी बहिनीहरु लगायत सबैमा अभार प्रकट गर्न चाहन्छु । यस अधारमा संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तीका लागि विभिन्न काल खण्डमा भएको आन्दोलन सशस्त्र जनयुद्व,मधेश आन्दोलन लगायतका आन्दोलनहरुमा आफनो जिवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति हार्दिक श्रध्द्धान्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संविधान कार्यन्वयनको क्रम संगै आर्थिक समृद्धि तर्फ हाम्रो देश उन्मुख भइरहेको सन्दर्भमा लोहारपट्टी नगरपालिकाको समग्र विकास र समृद्धिका लागि यस आर्थिक वर्षमा पेश भएको नीति कार्यक्रम र विनियोजित बजेट को अधारमा अगामी आर्थिक वर्षको लागि लोहारपट्टी नगरपालिकालाई प्राप्त हुने अनुमानित श्रोत साधन र बजेटको अधारमा आ.ब.२०७९।०८० को लागि प्रस्तावित बजेट तर्जुमा गरी छैठौ नगरसभा समक्ष पारितका लागी पेश गर्दछु ।

नेपालको संविधान बमोजिम संघीय शासन प्रणाली अन्तर्गत स्थानिय सरकारको दोस्रो कार्य अवधिको निर्वाचित जनप्रतिनिधिको रुपमा नगरपालिकाको पहिलो बर्षको कार्यको शुरुवात भएको छ ।

विगतका आर्थिक वर्ष मा नगरपालिकाको रुपमा यस लोहारपट्टी नगरपालिकाबाट संचालन भएको योजना तथा कार्यक्रमले यस नगरको समग्र विकास र समृद्धिको क्षेत्रमा उलेखनिय प्रगति भएको छ । संस्थागत क्षमता र अनुभवको कमि दरबन्दी को वावजुद पनि नगरवासि जनताले स्थानिय सरकार प्रति गरेको आशार भरोसा विच सन्तुलन कायम गरि नगरको विकास कार्यक्रमलाई अगाडी बढाउने प्रयास गरिरहेका छौ ।

यस परिपेक्षमा अगामी आर्थिक वर्षको लागी प्रस्तुत हुन लागेको यस लोहारपट्टी नगरपालिकाको नीति,बजेट तथा कार्यक्रमले केही हदसम्म नगरवासीको चाहना र आकांक्षालाई पुरा गर्नेछ । भन्ने आशा र विश्वास गरेको छु ।

नगर सभाका अध्यक्ष तथा सदस्य ज्यूहरु,

विगतमा विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईस(covid-19) को प्रकोपले नगरको विकास कार्यमा सत प्रतिशत कार्य गर्न सकेको अवस्थामा चालु आ.ब.मा नगरपालिकाबाट संचालन हुने स्वीकृत विकास निर्माण योजना तथा कार्यक्रमहरुलाई निरन्तर रुपमा समयमै सुचारु गरि लक्ष्य अनुरुप सन्तोष जनक प्रगति हासिल गर्न सफल भएका छन ।यस सन्दर्भमा नगरपालिकाबाट चालु आ.ब.को यस अवधि सम्म संचालन भएका क्षेत्रगत योजनाहरुको प्रगतिको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

## आर्थिक विकास क्षेत्र तर्फः

कृषि क्षेत्रतर्फको स्वीकृत कार्यक्रम मध्ये किसानलाई गेहु विउ अनुदानमा वितरण लगायका कार्यक्रमहरु संचालन भएको छ । पशु तर्फका विभिन्न कार्यक्रमहरु संचालन भएका छन । पर्यटन तर्फ विनियोजित गेरुकाधामलाई पर्यटकीय स्थलको रुपमा पूर्वाधार विकास गर्न कार्यक्रम अन्तर्गत ४ चार कोठे धर्मशालाको २ दुई तल्ले भवन निर्माण कार्य अन्तिम चरनमा रहेको छ ।

## समाजिक विकास क्षेत्र तर्फः

सामुदायिक विधालयमा अध्ययनरत छात्रालाई वेटी पढाउ वेटी वचाउ कार्यक्रम अर्न्गात साइकल वितरण तथा सामुदायिक विधालयमा डेस्क बेन्च उपलब्ध गराउने,मा.वि.पिपराढीमा पुर्वाधार,मा.वि.खुट्टाको अधुरो भवन,सादा प्रगति आ.वि.पिपराढीको अधुरो भवन,मा.वि.लोहारपट्टीको दृष्टीविहिन कक्षा ब्यवस्थापन र भवन स्तरोन्नती कार्य,मा.वि.भ्रमरपुराको अधुरो भवन निर्माणको कार्य संचालन भई कार्य प्रगति सन्तोष जनक रहेको छ ।

स्वास्थय क्षेत्रतर्फ औलो नियन्त्रणका लागि औषधि छर्ने कार्य भएको छ ।

लैङ्गिक तथा समानता शिषृक तर्फ आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका समुदाय लैङ्गिक समानता तथा समाजिक समावेशीकरण तर्फ महिला बालबालिका दलित,आदीवासी जनजार्ता अपाङ्ग भएका ब्यक्ति पिछडावर्ग लगायतका समुदायको आर्थिक जिवन स्तरबृद्धि गर्न आयमुलकको र जनचेतना मुलक विभिन्न कार्यक्रमहरु संचालन भएका छन । नगरपालिका भित्रका धार्मिक तथा साँस्कृतिक महत्वका मन्दीर मस्जिदका संरक्षण सम्वर्द्ध तथा पुर्वाधार विकासका कार्य भईरहेको छ । यूवाहरुलाई खेलप्रति उत्साह आकर्षणको लागी विभिन्न खेलकुद संस्था क्लब समुहलाई खेलकुदका सामग्री उपलब्ध गराइएको छु ।

सभाध्यक्ष तथा सदस्यज्यूहरुः

अब म अगामी आर्थिक वर्ष २०७९।०८० को लागी लोहारपट्टी नगरपालिकाको नीति,बजट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमती चाहन्छु ।

नेपाल सरकार र प्रदेश सरकारको दिर्घकालिन लक्ष्य,सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकमा पुर्‍याउने र दिगो विकासको लक्ष्य हासिल गर्न तथा विश्वब्यापी विकास लक्ष्यहरुलाई पुरा गर्न राष्ट्रिय प्रतिबद्धतालाई मुर्तरुप दिनु स्थानिय सरकारको पनि प्रमुख जिम्मेवारी हुने भएकोले उपयुक्त नगरपालिकाको आफनो स्थानिय नीति तथा कार्यक्रम मार्फत राष्ट्रिय लक्ष्य तथा प्रतिबद्धता प्राप्तीमा सघाउ पुर्‍याउने मुख्यउदेशयका साथ यस नगरपालिकालाई सफा सुन्दर र समृद्ध नगरपालिका बनाउने सोच र लक्ष्यका साथ सभ्य तथा समृद्ध नगर बस्तीको पहिचान स्थापित गर्न अगामी आर्थिक बर्षको नीति बजेट तथा कार्यक्रम प्रस्तव गरिएको छ ।

आर्थिक बर्ष२०७९।०८० को बजेटमा विकास योजना तथा कार्यक्रमहरुको तर्जुमा गरी प्रस्ताव गर्दा संविधानमा उल्लेख भएका मौलिक हकहरु राज्यका निर्देशक सिद्धान्त योजना तर्जुमाका सिध्दान्त लागायका क्षेत्रलाई ध्यान दिई बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका सोच लक्ष्य उदेश्य रहेको छ ।

सोचः

लोहरपट्टी नगरपालिकाले यस अधिका वर्षमा तय गरिएको सोचलाई यथावत राख्दै नगरवासी आत्म निर्भर भई सभ्य तथा समृद्ध नगरका नगरवासीको पहिचान स्थापित गर्न रहेको छ ।

लक्ष्यः

नगरवासीको आर्थिक सामाजिक रुपान्तरका साथ सफा सुन्दर आर्थिक समृद्ध नगर बनाउने रहेको छ ।

उदेश्यः

उल्लेखित लक्ष्य हासिल गर्न नगरवासी जनताको दैनिक जिवनको अधारभुत आवश्यक आवश्यकताको साथ आर्थिक सामाजिक पूर्वाधार विकासका कार्य गर्दै नगरलाई विकसित नगरपालिकाको रुपमा परिणत गर्न उदेश्य हासिल गर्न रहेको छ ।

**सभाध्यक्ष ज्यू तथा सभा सदस्य ज्यूहरुः**

अब म अगामी आर्थिक बर्ष २०७९।०८० को लागि नगरपालिकाको नीति बजेट तथा कार्यक्रम यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

उल्लेखित सोच लक्ष्य उदेश्य प्राप्तीका लागि नगरपालिकाको दिर्घकालिन साच सफा सुन्दर आर्थिक समूह नगरपालकिा हुने परिकल्पनालाई साकार गर्न देहायको प्राथमिकताको आधारमा नगरपालिकाले तपशिल बमोजिमको क्षेत्रगत नीति अवलम्वन गरी कार्यक्रम तयार गरी पेश गरेको छु ।

१. नगरका गौरबका योजनाहरु बहुवर्षिय योजनाहरु नगरबासीको चाहना र आवश्यकता अनुसारको आवश्यक क्षेत्रका योजनाको निर्माणमा जोड दिइनेछ ।

२. नगरबासीको आर्थिक विकासका लागी कृषि पशु विकास सहकारी पर्यटनको रुपमा रहेको पर्यटकीय स्थल विकासमा जोड दिइनेछ ।

३. शिक्षा, स्वास्थ्य लगायतका सामाजिक विकासमा जोड दिइनेछ ।

४. जलवायु परिवर्तन वातावरण संरक्षण फोहरमैला र विपद व्यवस्थापनमा जोड दिइनेछ ।

५. सुशासन र संस्थागत विकासमा जोड दिइनेछ ।

**क) आर्थिक विकास क्षेत्र तर्फ**

१. कृषि पर्यटक व्यपार व्यवसायलाई नगर प्रमुख आर्थिक विकासको आधारको रुपमा विकास गर्दै लगनेछ ।

२. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धका लागी तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

३. नगरभित्रका सहकारी संस्थाहरुको मध्येवाट नमुना सहकारी संस्था विकास कार्यलाई जोड दिईनेछ। स्थानीय सहकारी संस्थाहरुको नगर सञ्जाल निर्माण गरि समन्वय र सहकार्यमा जोड दिईनेछ।

४. सहकारी संस्थाहरुको नियमित अनुगमनवाट संस्थागत सुशासन कायम गर्दै देखिएका समस्या समाधानका लागी आवश्यक पहल गरिनेछ।

५. पर्यटकीय स्थलहरु गेरुकाधाम,रेखामाई,श्रवणगढ अन्धाअन्धी स्थानको पूर्वाधार विकास गर्दै प्रचार प्रसारको आवश्यक व्यवस्था गरिनेछ ।

६. कृषिमा अन्य वालीको उत्पादत्व वढाउन “गाँउ गाँउमा सहकारी घर घरमा भखारी”भन्ने सहकारी नारालाई मूर्त रुप दिन साना किसानहरुलाई सहकारी आवधारणामा खेती गर्न उत्प्रेरित गरिने छ।समाजिक रुपमा पछि पडेका वर्ग समुदाय विपन्न भूमीहिन लगायतका वर्गलाई सहकारीमा आव्द्ध गरी सम्भाव्यताका आधारमा अति क्रमण नहुने गरी सार्वजनिक एलानी पर्ति खालिजग्गा सरकारी बाझौ वा त्यस्ता जग्गाको खोजी गरी सो जग्गामा खेती गर्न प्रोत्साहन गरिने छ।

७. नगरभित्रका कृषि योग्य जग्गामा सिचाइको लागी साविकको नहर,कूलो पैनी मर्मत तथा जिर्णधार गरी सिंचाई सुविधा व्यवस्था गरिनेछ।

८. कृषकहरुलाई पशुपालनका लागी वित्तिय अनुदानको आवश्यक व्यवस्था गरिनेछ।

९. नगरभित्रका कृषि योग्य जग्गामा वर्ष भरी सिचाईको सुविधा पुरयाउन सम्वान्धित निकाय सँग आवश्यक पहल गरिनेछ।

१०. कृषकहरुलाई कृषिमा आकार्षित गर्न र उन्नत जातका धान गेहुँको खेती गरी उत्पादकत्व वढाउन धान गेहुँको विउ विजन अनुदानमा वितरण गरिनेछ।

**<u>ख) सामाजिक विकास क्षेत्र तर्फ</u>**

- नगरपालसिका अन्तर्गतका आधारभूत र मा.वि. तहका विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधारका कार्यक्रम संचालन गरिनेछ।

- नगरपालिका भित्रका छात्र छात्राहरुलाई चालु शैक्षिक शत्र देखि कक्षा १२ सम्मा निशुल्क अध्यनको आवश्यक प्रवन्ध मिलाईनेछ ।

- आर्थिकरुपले विपन्न परिवाका पढन स्कूल जाने वालवालिकालाई पढन जाने आवश्यक वातावरण सृजना गरिनेछ ।

- नगरपालिका अन्तर्गको सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई “वेटी पढाउ वेटी वचाउ” कार्यक्रम अन्तर्गत साईकल वितरण गर्दै आई रहेको कार्यक्रम लाई निरन्तरता दिईनेछ।

- शिक्षण सिकाई कार्यलाई प्रभावकारी वनाउन संचार र अनुगमनको व्यवस्थालाई क्रियाशिल गरिनेछ ।

- नगरपालिका अन्तर्गतका विद्यालयको आर्थिक तथा अन्य व्यस्थापकीय पक्षलाई चुस्त दुरुस्त पारदर्शी वनाउनका सामुदायिक विद्यालयका व्यवस्थापन समिति प्रधानाध्यपक शिक्षक कर्मचारीहरुको लागी आवश्यक तालिमको व्यवस्था गरिनेछ।

- नगरपालिका भित्रका सवै जनतालाई स्वच्छ खानेपानीको सुविधा उपलव्ध गराउन खानेपानी पाईपजडान गरिनेछ।

- विद्यालय उमेरमा हुने दुवर्यसनको शिकारवाट वालवालिका लाई वचाउन चेतना मूलक कार्यक्रम संचालन गरिनेछ।

- विद्यार्थीहरुको सर्वाङ्गिण विकासलाई टेवा पुरयाउन राष्ट्रपति रंनिङ्ग शिल प्रतियोगिता तथा अन्य प्रतियोगितात्मक कार्यक्रम संचालन गरिनेछ।

- वालवालिका उमेर नपुगी र जवाजस्ती गरिने विवाह न्यूनीकरणका लागी सामाजिक व्यवहार परिवर्तन गर्न लक्षितसमूह केन्द्रित डिजाईन प्रकृयाबाट छनौट भई आएका क्रियाकलापहरुलाई प्राथमिकता दिई योजना तथा कार्यक्रम संचालन गरिनेछ।

- विपन्न वर्गहरुको आत्म निर्भरताका लागि उच्च शिक्षामा सहज पहुँच तथा स्थानीयस्तरमा नै शिप विकासका अधारहरु उपलव्ध गराईनेछ।

- नगरपालिका अन्तर्गतका स्वास्थ्य सेवा केन्द्रहरुवाट प्रदान गर्दै आएका स्वास्थ्य सेवाहरुलाई थप गुणस्तरीय वनाईनेछ।

- न.पा. भित्र कला,भाषा,साहित्य सँस्कृतिको विकास र संरक्षण र सम्वर्द्धन गरिनेछ।

- नगरपालिका भित्र रहेका धार्मिक मठ मन्दिर मस्जिद लगायतका धार्मिक स्थालहरुलाई संरक्षण र सम्वर्द्धन गरिनेछ।

<u>ग) वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ</u>

- नगरपालिका अन्तर्गतका सवै वडा सफा र सुन्दर नगर वस्तीको रुपमा स्थापित गर्न फोहर मैला र सरसफाई व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ।
- फोहर मैला व्यवस्थापनलाई योजना प्रविधियुक्त वनाउन आवश्यक कार्य योजना वनाउन आवश्यक पहल गरिनेछ।
- विपद् व्यवस्थापनका लागि विपदमा परेकालाई उधार राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ।
- वातावरार्णय सन्तुलनलाई दिगो वनाउन नगर क्षेत्र कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ।
- जलवायु परिवर्तन वातावरण संरक्षण सम्वन्धि जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय विपद् जोखिम न्यूनिकरण योजना निर्माण गर्ने कार्य अगाडी वढाउनेछ।
- विपद पछाडी विपद् मा जनधन क्षती भएका तथ्याँक संकलन सम्वन्धि तालिमको व्यवस्था गरीनेछ।

- विपद् व्यवस्थापनको लागी प्राथमिक उपचार (First Aid Kid) जडान गर्ने कार्यक्रमको आवश्यक व्यवस्था गरिनेछ।

**घ) पूर्वाधार विकास क्षेत्रतर्फ**

- नगरपालिका अन्तर्गत एक वडावाट अर्को वडा जोडने सडकलाई उच्च प्राथमिकताका साथ स्तरोन्नती गरिनेछ।
- नगरपालिका अन्तर्गत सवै वडाका कच्ची सडकहरुलाई पानी निकासको लागी नाला सहितको पक्कीकरण पि.सि.सि. सडकमा स्तरोन्नती गरिनेछ।
- नगरपालिका अन्तर्गत वगीरहेको नदी खोलामा पक्की पूल निर्माणको लागि संघ र प्रदेश सरकारमा आवश्यक पहल गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र नयाँ भवन संरचना निर्माण गर्न भवन आचार संहिता २०७२ अनुसार घर नक्सा पास प्रकृया अगाडी वढाईने छ।
- पूर्वाधार विकास निर्माण कार्यमा साना साना योजनाको सट्टा ठूलो र विकास देखिने खालका पूर्वाधार योजना संचालन गर्न आवश्यक नीति अवलम्वन गरिनेछ।
- नगर भित्र विधुतिकरण नभएको टोल वस्तीमा विधुतिकरण गर्न आवश्यक पहल गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत थप रोजगारीको श्रृजना गर्न आवश्यक योजना संचानल गरिने छ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र तर्फः**

लोहारपट्टी नगरपालिका अन्तर्गतका सेवारत महिला सामुदायिक स्वास्थ्य संवम सेविकाको कार्य र सेवा लाई दृष्टिगत गरी नगरपालिकावाट दिदै आएको मासिक भत्तामा २०७९ श्रावण महिना देखि प्रति महिना थप गरी भत्ता उपलव्ध गराउने र उमेर ६० वर्ष पुरा भई अवकास भए पश्चात कुनै सुविधा नभएकोले बाँकी जिवन खुसी पुर्वक यापनका लागि एक मुष्ठ रु ५०,०००।०० पचास हजार मात्र उपलव्ध गराउने ।

- निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा अध्ययन भ्रमण अवलोकन तथा आवश्यक ज्ञान र शिप विकासका कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिका अन्तर्गतका कार्य क्षमताको विकास गरेर कार्य सम्पादनको गुण स्तरमा अभिवृद्धि गरिनेछ ।
- नगरपालिका अन्तर्गतका सवै विषगत लगायतका कर्मचारीहरुलाई काम प्रति जिम्मेवार वनाई जिम्मेवारीपूर्ण कार्य सम्पादन गर्न उत्कृष्ट कर्मचारीलाई पुरस्कार र सम्मान गरिनेछ ।
- नगरपालिका अन्तर्गत कार्यक्षेत्र रहेका सरकारी, गैरसरकारी, समाजिक संघ संस्था, उपभोक्ता समितिहरु नगरपालिकाको आर्थिक, सामाजिक पूर्वाधार विकास लगायतको क्षेत्रमा उल्लेखनिय काम गर्ने त्यस्ता संघ संस्थालाई पुरस्कृत गरिनेछ ।
- नगरपालिकाको क्रियाकलापलाई पारदर्शि, जवाफदेही र मितव्ययी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, खर्च सार्वजनिकीकरण जस्ता विधि पक्रियाबाट नगरवासी सबैमा सु-सूचित गरिनेछ ।
- न्यायिक समितिको कार्य सम्पादनलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।
- साविक स्थानिय निकाय -तह ) मा कार्यरत कर्मचारीहरुको लामो समयसम्म वृत्ति विकास हुन नसकेका कर्मचारीहरु योग्यता कार्यक्षमताको आधारमा स्तर वृद्धि र कर्मचारीाहरुको कार्य गर्ने मनोवललाई उच्च बनाउने कार्ययोजनाको आवश्यक व्यवस्था गरिनेछ ।
- नगरपालिका र अन्तर्गतका सबै शाखा कार्यालयको सम्पतीको अभिलेख तयार गरि त्यसको उचित उपभोग, संरक्षण तथा सम्वद्धन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास पद्धतिको अनुभव आदानप्रदान गर्न देशविदेशका सहरहरुसंग भगिनी सम्वन्ध कायम गर्न आवश्यक पहल गरिनेछ ।

**सभा अध्यक्ष ज्यू,**

**अव म लोहारपट्टी नगरपालिकाको आय व्यय वजेट प्रस्तुत गर्न अनुपति चाहन्छु ।**

लोहारपट्टी नगरपालिकाको गत आ.व २०७७।०७८ को कुल यथार्थ वजेट रु.४५,१९,६४,०००।- रहेको थियो।चालु आर्थिक वर्ष २०७८।०७९ को लागि संशोधित अनुमानित वजेट रु६५९,०,६८,०००।- पेश गरेको छु।

सभा अध्यक्ष तथा नगर सभा सदस्य ज्यूहरु

अव म अगामी आर्थिक वर्ष २०७९।०८० का लागि प्रस्ताव गरिएको नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक श्रोत वजेट परिचालनका लागि नेपाल सरकार,प्रदेश सरकार तथा नगरपालिकाको आन्तरिक श्रोतवाट प्राप्त हुने वजेट सम्वन्धि आय व्यय विवरण सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

अगामी आर्थिक वर्ष २०७९/०८० का लागि कूल अनुमानित वजेट रु.५५,८९,०९,०००।- मात्र प्रस्ताव गरेको छु ।जसमध्य चालु तर्फ रु.३३,५६,०९,०००।- मात्र अर्थात ६०.०५ प्रतिशत तथा पूँजीगत तर्फ रु२२,३३,००,०००।- मात्र अथार्त ३९.९५ प्रतिशत खर्च हुने अनुमान पेश गरेको छु ।

उपरोत्त अनुमानित बजेटमा कार्यालय अन्तर्गतको समाजिक सुरक्षा कार्यक्रम संग विशेश्वर कार्यक्रम सडक बोर्ड एल.जि.सि.डि.पी.लागाायतका कार्यक्रमको बजेट अनुसारको कार्यक्रम न.पा.बाट संचालन भएता पनि स्थानिय संचितकोष खातामा जम्मा नहुने भएकोले बार्षिक बजेटमा समावेश नगरिएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

अगामी आर्थिक बर्षको कर दस्तुर शुल्कको दर आय व्यय सम्बन्धि विवरण आर्थिक विधेयक र विनियोजन विधेयक अनुसुचीहरु समावेश गरेको छु । साथै प्रस्तावित नीति बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९ समेत यसै साथ पेश गरेको छु । योजना बनाउनु तथा दस्तावेज तयार गर्नु आफैमा गहन र महत्वपुर्ण कार्य हो । त्यो भन्दा महत्वपुर्ण कार्य प्रभावकारी कार्यन्वयन हुनु हो ।त्यसैले प्रस्तुत नीति बजेट तथा कार्यक्रम कार्यन्वयनमा सबै सरोकारवाला पक्षको सहयोगबाट तयार भएको अगामी आर्थिक बर्ष २०७९।०८० बार्षिक बजेट योजना तथा कार्यक्रम (बार्षिक नगर विकास योजना) सफल कार्यान्वयनमा समेत सबैको सकारात्मक सहयोगको अपेक्षा राखेको छु । यस अवसरमा नगरको विकास कार्यमा प्रभावकारी रुपमा सक्रिय सहयोग गर्नु हुने सर्ब प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत नीति बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया देखि नगरसभामा प्रस्तुत गर्दा सम्म प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने नगर प्रमुख वडा अध्यक्ष कार्यापालिका सदस्य तथा नगर सभाका सम्पुर्ण सदस्य ज्यूहरु नगर स्तरिय राजनैतिक दलका प्रतिनिधि ज्यूहरु विभिन्न संघ संस्थाका प्रतिनिधिहरु लगायत सम्पुर्ण नगरवासी उपस्थित महानुभावहरुमा हार्दिक अभार ब्यक्त गर्दछु ।यसै

गरी यो नीति बजेट तथा कार्यक्रम तयार गर्न प्ररम्भिक चरण देखि अन्त सम्म अहोरात खटने कार्यपालिका तथा विषयगत शाखा वडा कार्यालय कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।अन्तमा प्रस्तुत भएको बजेट नगर सभामा छलफल भई पारित भए पश्चात स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने क्रममा सबैको सक्रिय सहयोग र सहभागिताको अपेक्षा र विश्वास राख्दै बजेट बक्तब्य यही अन्त गर्दछु ।

धन्यवाद ।।।

सरिता शर्मा
उप-प्रमुख